२०८२/०२/१० गतेका दिन धुर्कोट गाँउपालिकाका अध्यक्ष श्री भुपाल पोखरेल ज्यूको अध्यक्षतामा देयायको उपस्थितिमा गाँउकार्यपालिकाको वैठक वसी निम्न अनुसार गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भुपाल पोखरेल | अध्यक्ष | |
| २ | सिता गिरी | उपाध्यक्ष | |
| ३ | चेतमान कुवँर | वडा अध्यक्ष | |
| ४ | वावुराम खड्का | वडा अध्यक्ष | |
| ५ | पदम विष्ट | वडा अध्यक्ष | |
| ६ | विर बहादुर कुवँर | वडा अध्यक्ष | |
| ७ | केशवराज भण्डारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर सार्की | वडा अध्यक्ष | |
| ९ | लिला बहादुर खनाल | वडा अध्यक्ष | |
| १० | गोमिता सार्की | कार्यपालिका सदस्य | |
| ११ | विमला सुनार पाध्यावती | कार्यपालिका सदस्य | |
| १२ | रमिला पुरी | कार्यपालिका सदस्य | |
| १३ | प्रेम बहादुर कुमाल | कार्यपालिका सदस्य | |
| १४ | धन बहादुर वि.क | कार्यपालिका सदस्य | |
| १५ | कस्मिरा अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | ज्ञानुराम पन्थी | सचिव | |

आमन्त्रित

श्री पवित्रा भुसाल (सहायक प्रशासन पाँचौं)

मिति २०८२।०२।१० गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १ गणतन्त्र दिवस मनाउने सम्बन्धमा

जेष्ठ १५ गते पर्ने गणतन्त्र दिवसको अवसरमा वडास्तरीय वक्तृत्वकला प्रतियोगता आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं २ दोस्रो आवधिक योजनाको मस्यौदा उपर छलफल

धुर्कोट गाउँपालिकाको दोस्रो आवधिक योजनाको (२०८२।८३ – २०८६।८७) निर्माणको लागि सहजिकरणको जिम्मेवारी पाएको श्री अलाना इन्टरनेशनल सर्भिसेस प्रा लि, थापागाउँ, काठमाण्डौले तोकिए बमोजिमका सवै चरणहरु पुरा गरी पेश गरेको दोस्रो आवधिक योजनाको मस्यौदा उपर विषय क्षेत्रगत रुपमा विस्तृत रुपमा छलफल गरी थप गर्नुपर्ने केही सामान्य विषयहरु सहित सुधार गरी पून पेश गर्न अनुरोध गरियो ।

निर्णय नं ३ सार्वजनिक सुनुवाइ सम्बन्धमा

मिति २०८२ जेष्ठ महिना भित्र वडा नं ५ बस्तुमा सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं ४ पर्यटकीय स्थलको प्रचार प्रसारको लागि बजेट छुट्याउने सम्बन्धमा

आ व ०८२।८३ को लागि वडाको लागि छुट्याइएको बजेट सिलिङबाट सम्बन्धित वडाहरुले आफ्नो वडा भित्र रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसार, गोष्ठी लगायतका कार्यक्रम गर्नको लागि रकम छुट्याइ बजेट सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ५ बालअधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा

गाउँपालिकामा बालबालिकाको हक हित र अधिकारको संरक्षण सम्मान सम्बर्धन प्रवर्धन प्रचलन तथगा परिपूर्तीका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न गराउन बाल बचाउ बाल संरक्षण बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न आवश्यक देखिएकोले सो को लागि तयार गरिएको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकीकृत कार्यविध २०८२ को अन्तिम मस्यौदा उपर छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं ६ बालबालिकाको वस्तुगत विवरण स्वीकृत सम्बन्धमा

तोकिएको प्रकृया बमोजिम वडागत रुपमा र एकीकृत रुपमा तयार गरिएको धुर्कोट गाउँपालिकाका बालबालिकाहरुको वस्तुगत विवरण स्वीकृत गरियो ।

CamScanner

**निर्णय नं ६ बालबालिकाको लागि पञ्चवर्षिय आवधिक लगानी योजना स्वीकृत सम्बन्धमा**

धुर्कोट गाउँपालिका वडा नं १ को लागि तयार पारिएको बालबालिकाको लागि पञ्चवर्षिय आवधिक लगानि योजना (२०८२/८३ - २०८६/८७) स्वीकृत गरियो ।

**निर्णय नं ७ कार्यान्वयन प्रतिवद्दता सम्बन्धमा**

धुर्कोट गाउँपालिका वडा नं १ को लागि तयार पारिएको बालबालिकाको लागि पञ्चवर्षिय आवधिक लगानि योजना (२०८२/८३ - २०८६/८७) मा उल्लेख गरिए बमोजिमका बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बालविकासका क्षेत्रमा उल्लेख गरिएका लगानीका क्रियाकलापहरुमा योजनामा तोकिएबमोजिम कार्यान्वयन गर्ने गराउने प्रतिवद्दता व्यक्त गरियो ।

**निर्णय नं ८ बालकोष संचालन कार्यविधि स्वीकृत सम्बन्धमा**

धुर्कोट गाउँपालिकाभित्र सञ्चालन हुने बालबालिका सम्बन्धी कृयाकलाप संचालनका लागि बालकोष स्थापना गरी सञ्चालन गर्न बान्छनीय भएकोले सो को लागि तयार गरिएको धुर्कोट गाउँपालिकाको बालकोष संचालन कार्यविधि २०८१ स्वीकृत गरियो ।